# वार्षिक प्रगति समीक्षा विवरण
# आ.ब. २०६८।६९




## जिल्ला विकास समितिको कार्यालय
## दार्चुला
## २०६९ भाद्र ८

बिषय बस्तु


| | |
|---|---|
| संक्षिप्त सार | १ |
| पृष्ठभूमी | ३ |
| समिक्षा वैठकको संक्षिप्त विवरण | ४ |
| समिक्षा वैठकको प्रस्तुतीकरण | ४ |
| जनसंख्या तथा सामाजिक समितिको प्रस्तुति | ६ |
| कृषि, वन, उद्योग तथा वातावरण समितिको प्रस्तुति | ६ |
| पूर्वाधार तथा संरचना विकास समितिको प्रस्तुति | ६ |
| भूमि तथा जलस्रोत समितिको प्रस्तुति | ६ |
| जिल्ला विकास समितिको प्रस्तुति | ७ |
| जिविसका उल्लेख्य कार्यहरु | ११ |
| मुख्य समीक्षा | १२ |
| जिल्ला स्थित गैससहरुको प्रस्तुति | १२ |
| अतिथीहरुको  प्रस्तुति | १२ |
| अनुसूचिहरु | |
| आ.व.०६६/०६७ को वार्षिक प्रगति समिक्षा वैठकको उपस्थिति | |

## <u>सार संक्षेप (Executive Summary)</u>

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत महाकाली अञ्चलका ४ जिल्ला मध्ये छुट्टै महत्व रहेको यो जिल्ला एशियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनको सिमानासंग जोडिएको छ । यस जिल्लाको पूर्वमा बझांग जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेका छन् । विश्व मान चित्रमा २९° ३६' उत्तर देखि ३०° १५' उत्तरी अक्षांस र ८०° २२' पूर्व देखि ८१° ०९' पूर्वी देशान्तरमा फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २३२२ वर्ग कि.मी. छ । समुद्री सतह बाट ५१८ मी. देखि ७१३२ मी. सम्म उचाई रहेकोछ। यस जिल्लाको अग्लो अपी हिमाल जिल्लाको आकर्षणको केन्द्र रहेकोछ। यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दूहरुको महत्वपूर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रुपमा समेत दार्चुला जिल्ला रहेको छ । यस जिल्लाको सदरमुकाम खलंगा महाकाली नदीको किनारमा भारतको धारचुला सित जोडीएर रहेको छ । दार्चुला जिल्ला एक संसदीय विकास क्षेत्र, ११ वटा ईलाका र ४१ वटा गा.वि.स.हरुमा विभाजित छ । यातायात सेवा बाट आंशिक रुपमा बन्चित यस जिल्लाका ११ गा.वि.स.हरु भारतीय सिमा संग महाकाली नदिले छुट्याएको छ । भने ब्यास गा.वि.स. चीन र भारत दुबै संग जोडिएको छ।

२०६८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा अनुसार दार्चुला जिल्लाको कुल जनसंख्या १३३४६४ रहेको छ । जस मध्ये पुरुषको संख्या ६३६०९ रहेको छ भने महिलाको संख्या ६९८५५ रहेको छ । जिल्लाको बार्षिक जनसंख्या बृद्धि दर ०.९०% रहेको छ । जिल्लामा कुल घर संख्या २२९४८ रहेकोछ भने कुल घरधुरीको संख्या २५८०२ रहेको छ साथै दार्चुलाको औसत घरधुरी आकार ४.७ र जनघनत्व १८१ प्रति वर्ग किमी रहेको छ ।

विकासका सूचाकाङ्कहरुलाई मध्य नजर गर्दा कुल साक्षरता दर, प्रति व्यक्ति आय, औसत उमेर, बाल मृत्यु दर, शिशु मृत्यु दर, जन्म दर, मातृ मृत्यु दर, मृत्यु दर आदि धेरै जसो नकारात्मक रहेका छन् । यस जिल्लाको ९०% भन्दा बढी जनसंख्या कृषिमा आधारित छन् ।

कृषि क्षेत्रमा नयाँ प्रविधिको विकास हुन नसकेकोले कृषि उत्पादन क्षेत्रमा राम्रो उत्पादन हुन सकेको छैन जसले गर्दा खाद्य सन्तुलन नकारात्मक रहेको छ । भौगोलिक विकटता र विविधता रहेको यस जिल्लाको आर्थिक कृयाकलाप समेत न्यून रहेको छ ।

जिल्लाको समग्र विकासको लागि जिल्ला विकास समितिले योजना निर्माता, कार्यान्वयनकर्ता, सहजकर्ता, नीति निर्माता, नियमक, समन्वयकर्ता र निर्देशकको भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले व्यवस्था गरेको छ। ऐनको दफा २११ को उपदफा २ को क देखि ग सम्म र सोही दफाको उपदफा ३ समेतको प्रावधान अनुरुप प्रत्येक जिल्लाको प्रत्येक आर्थिक वर्षको अन्त्यमा जिल्ला भित्र भए गरेका समग्र विकास कार्यक्रमहरुको समीक्षा गर्नुपर्ने प्रावधान रहेको छ । जिल्ला विकास समितिको कार्यालय, दार्चुलाले पनि विगतका आर्थिक वर्षहरुमा वार्षिक समिक्षा गोष्ठी आयोजना गर्दै आइरहेको छ । यस आ.ब.मा पनि विगत आर्थिक वर्ष २०६८/६९ को अवधिमा दार्चुला जिल्लाको विकासका लागि सरकारी, गैरसरकारी, जिल्लास्तर, क्षेत्रीय तथा केन्द्रस्तरबाट भए गरेका कार्यहरुको बृहत्तर समिक्षा पूँजीगत अनुदान फ्रिज हुने अवधि यस जिल्लाको हकमा कार्तिक मसान्त हुने भएकोमा मिति २०६९ भाद्र ८ गते बार्षिक समीक्षा आयोजना गरिएको । उक्त समीक्षा गौष्ठीमा ६२ जना सहभागि रहेको अवस्था छ । समीक्षा बैठकमा जिल्ला विकास समिति लगायत कार्यक्रमहरु, बिषयगत निकायहरु, तथा गै.स.स.हरुको प्रगति विवरण प्रस्तुत गरियो ।

# वार्षिक समिक्षा बैठक आ.व.०६८/०६९ को प्रतिवेदन

जिल्ला : दार्चुला मिति :२०६८/०५/०८

स्थान : जिल्ला विकास समितिको सभाकक्ष

## पृष्ठभूमी

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत महाकाली अञ्चलका ४ जिल्ला मध्ये छुट्टै महत्व रहेको यो जिल्ला एशियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनको सिमानासंग जोडिएको छ । यस जिल्लाको पूर्वमा बझांग जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेका छन् । विश्व मान चित्रमा २९$^{\circ}$ ३६' उत्तर देखि ३०$^{\circ}$ १५' उत्तरी अक्षांस र ८०$^{\circ}$ २२' पूर्व देखि ८१$^{\circ}$ ०९' पूर्वी देशान्तरमा फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २३२२ वर्ग कि.मी. छ । समुद्री सतह बाट ५१८ मी. देखि ७१३२ मी. सम्म उचाई रहेकोछ। यस जिल्लाको अग्लो अपी हिमाल जिल्लाको आकर्षणको केन्द्र रहेकोछ। यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दूहरुको महत्वपूर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रुपमा समेत दार्चुला जिल्ला रहेको छ । यस जिल्लाको सदरमुकाम खलंगा महाकाली नदीको किनारमा भारतको धारचुला सित जोडीएर रहेको छ । दार्चुला जिल्ला एक संसदीय विकास क्षेत्र, ११ वटा ईलाका र ४१ वटा गा.वि.स.हरुमा विभाजित छ । यातायात सेवा बाट आंशिक रुपमा बन्चित यस जिल्लाका ११ गा.वि.स.हरु भारतीय सिमा संग महाकाली नदिले छुट्याएको छ । भने ब्यास गा.वि.स. चीन र भारत दुबै संग जोडिएको छ।

२०६८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा अनुसार दार्चुला जिल्लाको कुल जनसंख्या १३३४६४ रहेको छ । जस मध्ये पुरुषको संख्या ६३६०९ रहेको छ भने महिलाको संख्या ६९८५५ रहेको छ । जिल्लाको बार्षिक जनसंख्या बृद्धि दर ०.९०% रहेको छ । जिल्लामा कुल घर संख्या २२९४८ रहेकोछ भने कुल घरधुरीको संख्या २५८०२ रहेको छ साथै दार्चुलाको औसत घरधुरी आकार ४.७ र जनघनत्व १८१ प्रति वर्ग किमी रहेको छ ।

विकासका सूचाकाङ्कहरुलाई मध्य नजर गर्दा कुल साक्षरता दर, प्रति व्यक्ति आय, औसत उमेर, बाल मृत्यु दर, शिशु मृत्यु दर, जन्म दर, मातृ मृत्यु दर, मृत्यु दर आदि धेरै जसो नकारात्मक रहेका छन् । यस जिल्लाको ९०% भन्दा बढी जनसंख्या कृषिमा आधारित छन् । कृषि क्षेत्रमा नयाँ प्रविधिको विकास हुन नसकेकोले कृषि उत्पादन क्षेत्रमा राम्रो उत्पादन हुन सकेको छैन जसले गर्दा खाद्य सन्तुलन नकारात्मक रहेको छ । भौगोलिक विकटता र विविधता रहेको यस जिल्लाको आर्थिक कृयाकलाप समेत न्यून रहेको छ ।

## समिक्षा वैठकको संक्षिप्त विवरण

जिल्लाको समग्र विकासको लागि जिल्ला विकास समितिले योजना निर्माता, कार्यान्वयनकर्ता, सहजकर्ता, नीति निर्माता, नियमक, समन्वयकर्ता र निर्देशकको भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले व्यवस्था गरेको छ। ऐनको दफा २११ को उपदफा २ को क देखि ग सम्म र सोही दफाको उपदफा ३ समेतको प्रावधान अनुरुप प्रत्येक जिल्लाको प्रत्येक आर्थिक वर्षको अन्त्यमा जिल्ला भित्र भए गरेका समग्र विकास कार्यक्रमहरुको समीक्षा गर्नुपर्ने प्रावधान रहेको छ । जिल्ला विकास समितिको कार्यालय, दार्चुलाले पनि विगतका आर्थिक वर्षहरुमा वार्षिक समिक्षा गोष्ठी आयोजना गर्दै आइरहेको छ । यस आ.ब.मा पनि विगत आर्थिक वर्ष २०६८/६९ को अवधिमा दार्चुला जिल्लाको विकासका लागि सरकारी, गैरसरकारी, जिल्लास्तर, क्षेत्रीय तथा केन्द्रस्तरबाट भए गरेका कार्यहरुको बृहत्तर समिक्षा पूँजीगत अनुदान तथा चालु अनुदानको बार्षिक समीक्षा २०६७ भाद्र ८ गतेमा आयोजना गरिएको । उक्त समीक्षा गौष्ठीमा ६२ जना सहभागि रहेको अवस्था छ । समीक्षा बैठकमा जिल्ला विकास समिति लगायत कार्यक्रमहरु, बिषयगत निकायहरु, तथा गै.स.स.हरुको प्रगति विवरण प्रस्तुत गरियो ।

## समिक्षा वैठकको प्रस्तुतीकरण

बार्षिक समिक्षा वैठकको अध्यक्षता स्थानीय विकास अधिकारी श्री बिष्णु सिंह बिष्टले गर्नु भएको थियो भने प्रमुख अतिथीको रुपमा प्रमुख जिल्ला अधिकारी श्री चीरन्जीवी अधिकारी हुनुहुन्थ्यो । साथै अन्य अतिथीहरुमा श्री हरक सिंह धामी नेका, श्री गणेश कुमार जोशी नेकपा

एमाले, श्री पुष्कर जोशी नेकपा माओवादी श्री मनवीर दमाई राजमो, श्री राम सिंह महर नेकपा संयुक्त, श्री मान बहादुर बम नेकपा माले समेत रहनु भएको थियो ।

कार्यक्रम अधिकृत श्री जय सिंह धामी र सहजकर्ता श्री लवराज पन्तले संयुक्त रुपमा उदघोषण गरी संचालन गर्नु भएको यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुलाई जिल्ला काअ श्री जय सिंह धामीले  स्वागत गर्नु भएको थियो । जिल्ला भित्र विभिन्न विषयगत निकाय, गैर सरकारी निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरुको प्रभावकारिता, औचित्यता, मितव्ययिता तथा पारदर्शिता तथा सेवाग्राहीहरुको सन्तुष्टि समेतलाई मध्यनजर गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने साथै चालु वर्षका ती निकायहरुबाट सञ्चालित कार्यक्रमहरु एवं आगामी आ.ब.मा प्रस्ताव गरिने कार्यक्रमहरुमा समेत यस्ता पृष्ठपोषण कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन एवं नयाँ नेपालको निर्माणको लागि प्रत्येक जिल्लाको विकास कार्यक्रमहरुको समिक्षा गरिनु अनिवार्य तथा महत्वपूर्ण रहेको भन्दै स्था.वि.अ.श्री बिष्ण सिंह बिष्टले वार्षिक समिक्षाको उद्देश्य माथि प्रकाश पार्दै आयोजना कार्यान्वयनमा निर्धारित प्रगति हासिल गर्न परेका व्यवधान तथा चुनौती र आवश्यक समाधानका उपायहरुबारे एकापशमा आदान प्रदान गर्ने र सिकिएका पाठहरुबारे अन्तर्क्रिया गर्ने, अनिमितता, लापर्वाही तथा ढिलासुस्ती आदि कारणबाट लक्ष्यित प्रगति हासिल गर्न नसकेका कार्यालय तथा सघ संस्थालाई आवश्यक कार्यवाहीका लागि सिफारिश गर्न सक्ने समेतको सुझाव वार्षिक समिक्षा गोष्ठी बाट प्राप्त हुने विचार राख्नु भयो  समिक्षा वैठक संचालन प्रकृयाका वारेमा थप प्रकाश पार्नु हुदै गत आ.व.को प्रगति समिक्षाले चालु आ.व. तथा आगामी आ.व.हरुमा विकास निर्माण कार्यलाई तदारुकताका साथ सम्पन्न गर्न वल प्रदान गर्ने विचार राख्नु भयो । परिचयात्मक कार्यक्रमका साथ शुरुवात गरिएको समिक्षा वैठकमा जिविसमा रहेका विभिन्न समिति अर्न्तगतका विषयगत कार्यालयहरुले आफ्नो प्रस्तुती राखेका थिए ।

**जनसंख्या तथा सामाजिक समितिको प्रस्तुति**

यस समिति अर्न्तगतका कार्यालयहरुमा समीक्ष बैठकमा जिल्ला शिक्षा कार्यालयका तर्फ बाट जि.शि.अ. श्री दुर्गा दत्त बिष्ट, महिला विकास कार्यालयका म.वि.अ. अनिता बुढाऐर, जिल्ला स्वास्थ्य कार्यालयका अरुण जोशी, प्रगति प्रस्तुत गर्दै लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको विवरण प्रस्तुत गरियो । जिल्ला आर्युवेद कार्यालय समीक्षा गोष्ठिमा अनुपस्थित रहेकोछ ।

**कृषि, वन, उद्योग तथा वातावरण समितिको प्रस्तुति**

यस समिति अर्न्तगतका कार्यलयहरुको प्रस्तुती गर्ने क्रममा समीक्षा बैठकमा जिल्ला कृषि विकास कार्यालयका तर्फ बाट श्री भक्तमान राई, जिल्ला वन कार्यालय श्री शेर सिंह धामी, जिल्ला भू-संरक्षण कार्यालय गंगा दत्त जोशी, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय श्री गण्नोश सिंह धामी, जिल्ला पशु सेवा कार्यालय श्री डी.बी ठगुन्ना, अपि नाम्पा संरक्षण क्षेत्रबाट श्री राम देव शाहले प्रगति प्रस्तुत गर्दै लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको विवरण प्रस्तुत गरियो । प्राप्त प्रगति विवरण अनुसूचिमा समावेश गरिएको छ ।

**पूर्वाधार तथा संरचना विकास समितिको प्रस्तुति**

त्यसै गरी पूर्वाधार तथा संरचना विकास समिति अर्न्तगतका कार्यालयहरुमा नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, बैतडी दार्चुला सडक आयोजना अनुपस्थित आयोजना थिए ।

**भूमि तथा जलस्रोत समितिको प्रस्तुति**

यस अर्न्तगतका कार्यालयहरुमा पहिलो पटक गरिएको समीक्षा बैठकमा सु.प. सिंचाई सव डिभिजन कार्यालय नं.४ बाट श्री कुल प्रशाद विष्ट, खानेपानी तथा स.स.सव डिभिजन कार्यालय/सामुदायिक खानेपानी श्री राम सिंह महरबाट प्रगति प्रस्तुत गर्दै लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको विवरण प्रस्तुत गरियो । यो समिति अर्न्तगत जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयका प्रतिनिधि अनुउपस्थित रहनु भयो, प्राप्त प्रगति विवरण अनुसूचिमा समावेश गरिएको छ ।

## जिल्ला विकास समितिको प्रस्तुति

आ.ब २०६८/६९ मा जिविस र यस अर्न्तगत संचालित विभिन्न कार्यक्रमहरुको प्रगति विवरण यस प्रकार रहेकोछ ।

| कार्यक्रम र परियोजना आन्तरिक आयको समेत | विनियोजित बजेट | | | यथार्थ निकासा | | | यथार्थ खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुंजिगत | चालु | जम्मा | पुंजिगत | चालु | जम्मा | पुंजिगत | चालु | जम्मा | पुंजिगत | चालु |
| जिल्ला विकास समिति अनुदान | १९०४० | २८६०१.३ | ४७६४१.२८५ | १४९७३.८३ | २८६०१.२९ | ४३५७५.११५ | १४९७४ | २८६०१ | ४३५७५ | ७८.६४ | १००.०० |
| गाउ विकास समिति अनुदान कार्यक्रम | ८५५१० | १७१६६ | १०२६७६ | ७८१७५.५ | १७१६६ | ९५३४१.५ | ७८१७६ | १७१६६ | ९५३४२ | ९१.४२ | १००.०० |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | १४५०३.०३८ | १४५०३.०३८ | | १२६१५.९९ | १२६१५.९८५ | | १२६१५ | १२६१५ | | ८६.९८ |
| जेष्ठ नागरिक, अ.अ.लो.जाती तथा एकल महिला सुरक्षा व्यवस्था कार्यक्रम | ४२९२४ | ५० | ४२९७४ | ४२९२४ | ४९.५५६ | ४२९७३.५५६ | ४२९२४ | ४९.५५६ | ४२९७४ | १००.०० | ९९.११ |
| स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | २५०० | | २५०० | २२९३.५६२ | | २२९३.५६२ | २२९३.६ | | २२९३.६ | ९१.७४ | |
| ग्रामीण खा.पा. तथा सरसफाई आयोजना | ६९०० | ४१५ | ७३१५ | ६९०० | ४१५ | ७३१५ | ६९०० | ४१५ | ७३१५ | १००.०० | १००.०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३००० | ० | ३००० | ३००० | ० | ३००० | २९९९.६ | ० | २९९९.६ | ९९.९९ | घम्क्ष्खज्ञ |
| ग्रामीण सामूदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) | २२४२६ | २२५० | २४६७६ | १३२१२.७६ | २२५० | १५४६२.७५५ | १३२१३ | २२५० | १५४६३ | ५८.९२ | १००.०० |
| भ्को.पू. क्षेत्रगत कार्यक्रम तथा स्थानीय स्तरका सडक आयोजना | ५६५४ | | ५६५४ | ५६५४ | | ५६५४ | ५६५४ | | ५६५४ | १००.०० | घम्क्ष्खज्ञ |

| क्र सं | कार्यक्रम र परियोजना (आन्तरिक आयको समेत) | विनियोजित बजेट | | | यथार्थ निकासा | | | यथार्थ खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजिगत | चालु | जम्मा | पूँजिगत | चालु | जम्मा | पूँजिगत | चालु | जम्मा | पूँजिगत | चालु |
| १० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ४००० | ७७०० | ११७०० | ४००० | ७५६६.६६२ | ११५६६.६६२ | ४००० | ७५६६.७ | ११५६७ | १००.०० | ९८.२७ |
| ११ | ग्रामीण पहुँच सुधार तथा विनेन्द्रकरण कार्यक्रम | ६३८७ | ३० | ६४१७ | ३७१०.३८२ | ३० | ३७४०.३८२ | ३७१०.४ | ३० | ३७४०.४ | ५८.०९ | १००.०० |
| १२ | केन्द्रिय स्तरका सडकहरु कार्यक्रम | ५३०० | | ५३०० | २९४४ | | २९४४ | २९४४ | | २९४४ | ५५.५५ | |
| १३ | पर्यटन पुर्वाधार विकास कार्यक्रम | ४७०० | | ४७०० | ४५२४.०३३ | | ४५२४.०३३ | ४५२४ | | ४५२४ | ९६.२६ | |
| १४ | दुर्गम क्षेत्र विकास कार्यक्रम | ३१०० | १०६९ | ४१६९ | २८२४ | १०६७ | ३८९१ | २८२४ | १०६७ | ३८९१ | ९१.१० | |
| १५ | उपेक्षित, उत्पीडीत दलित वर्ग उत्थान समिति कार्यक्रम | ४१५.४ | | ४१५.४ | ४१५.४ | | ४१५.४ | ४१५.४ | | ४१५.४ | १००.०० | |
| १६ | लोपोन्मूख, आदिवाशी, जनजाती उत्थान विकास कार्यक्रम चेपांग समेत | २०० | | २०० | २०० | | २०० | २०० | | २०० | १००.०० | |
| १७ | कर्णाली वरिपरि बिशेष कार्यक्रम | १५००० | | १५००० | १५००० | | १५००० | १५००० | | १५००० | १००.०० | |
| १८ | जनसहभागितामा आधारित कार्यक्रम | ३३०० | | ३३०० | २३०७.३०६ | | २३०७.३०६ | २३०७.३ | | २३०७.३ | ६९.९२ | |
| १९ | विकेन्द्रित ग्रामीण पूर्वाधार जीवीकोपार्जन आयोजना (DRILP) | २३०१० | २७८७१४ | ५०८८१४ | १४४२.९६२ | २६५७४.३३ | २८०१७.२९१ | १४४३ | २६५७४ | २८०१७ | ६.२७ | ९५.३५ |
| २० | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) | ३२३९०.३७१ | ४५४० | ३६९३०.३७१ | ३०८५८.४६ | ४५४० | ३५३९८.४६ | २७२०४ | ४५४० | ३१७४४ | ८३.९९ | १००.०० |

| क्र सं | कार्यक्रम र परियोजना आन्तरिक आयको समेत | विनियोजित बजेट | | | यथार्थ निकासा | | | यथार्थ खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु |
| २१ | ग्रामीण जीविकापार्जनकालागि नवीकरणीय उजा कार्यक्रम (RERL) | २२८८६.१४१ | १७३०.७९ | २४६१६.९३ | २२८८६.१४ | १७३०.७८९ | २४६१६.९३ | १०९२८ | १७३०.८ | १२६५८ | ४७.७५ | १००.०० |
| २२ | राष्ट्रिय विकास स्वयं सेवक संस्थागत विकास | | ९२ | ९२ | | ९२ | ९२ | | ९२ | ९२ | घम्क्ष्खर०ज्ञ | १००.०० |
| २३ | युवा तथा खेलकूद मन्त्रालय | ३६० | | ३६० | ३६० | | ३६० | ३६० | | ३६० | १००.०० | घम्क्ष्खर०ज्ञ |
| २४ | संघीय मामिला तथा संविधान सभा | ५५० | | ५५० | ५५० | | ५५० | ४९१.१२ | | ४९१.१२ | ८९.३० | घम्क्ष्खर०ज्ञ |
| २५ | संचीत विदा | २२९.२४८ | | २२९.२४८ | २२९.२४८ | | २२९.२४८ | २२९.२५ | | २२९.२५ | १००.०० | घम्क्ष्खर०ज्ञ |
| २६ | औषधी उपचार | ३४३.८७२ | | ३४३.८७२ | ३४३.८७२ | | ३४३.८७२ | ३४३.८७ | | ३४३.८७ | १००.०० | घम्क्ष्खर०ज्ञ |
| | केन्द्रिय जम्मा | ३२४६२९०७ | ९१५१५.५ | ४१६१४४.५४ | २७२३४५.४ | ९००८२.६२ | ३६२४२८.०६ | २५६६७३ | ९००८३ | ३४६७५५ | ७९.०७ | ९८.४३ |
| १ | जिल्ला विकास समिति आन्तरिक कोष चालु पुजीगत | | ७४६३ | ७४६३ | | ६२९६.६६१ | ६२९६.६६१ | | ५५२६.५ | ५५२६.५ | घम्क्ष्खर०ज्ञ | ७४.०५ |
| २ | शंकरपुर उ.मा.वि. | ४०४०.२७७ | | ४०४०.२७७ | ४०४०.२७७ | | ४०४०.२७७ | ३७७०.४ | | ३७७०.४ | ९३.३२ | घम्क्ष्खर०ज्ञ |
| ३ | मानव संसाधन सूचना अभिलेख तथा म्याचिंग फण्ड | | १३८.४९१ | १३८.४९१ | | १३८.४९१ | १३८.४९१ | | ० | ० | घम्क्ष्खर०ज्ञ | ०.०० |
| ४ | दैवी प्रकोप व्यवस्थापन कोष | | १४२.१ | १४२.१ | | १२४.१ | १२४.१ | | २८.५ | २८.५ | घम्क्ष्खर०ज्ञ | २०.०६ |
| ५ | मर्मत संभर कोष | | १३८१४४ | १३८१.४४३ | | १३८१.४४३ | १३८१.४४३ | | १३६३.९ | १३६३.९ | घम्क्ष्खर०ज्ञ | ९८.७३ |
| ६ | लघू उद्यम विकास कार्यक्रम | | ३५९.१२९ | ३५९.१२९ | | ३५९.१२९ | ३५९.१२९ | | १७२.५४ | १७२.५४ | घम्क्ष्खर०ज्ञ | ४८.०४ |
| ७ | कर्मचारी कल्याण कोष | | ७६५.२७४ | ७६५.२७४ | | ७६५.२७४ | ७६५.२७४ | | ३७० | ३७० | घम्क्ष्खर०ज्ञ | ४८.३५ |

| क्र सं. | कार्यक्रम र परियोजना( आन्तरिक आयको समेत) | विनियोजित बजेट | | | यथार्थ निकासा | | | यथार्थ खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु |
| ८ | कन्टीनजेन्सी | | ७७८.७८५ | ७७८.७८५ | | ७७८.७८५ | ७७८.७८५ | | ७७८.७९ | ७७८.७९ | घम्क्ष्खरज्ञ | १००.०० |
| ९ | गरीबी निवारण कोष | | १२१२.८५ | | | १२१२.८५४ | | | ० | | घम्क्ष्खरज्ञ | ०.०० |
| आन्तरिक जम्मा | | ४०४०.३ | १२२४१.१ | १५०६८.५ | ४०४०.३ | ११०५६.७ | १३८८४.२ | ३७७०.४ | ८२४०.२ | १२०१०.७ | ९३.३२ | ६७.३२ |
| कुल जम्मा | | ३२८६६९.३ | १०३७५६.६ | ४३१२१३.० | २७६३८५.७ | १०११३९.४ | ३७६३१२.२ | २६०४४२.९ | ९८३२२.८ | ३५८७६५.८ | १७२.४ | १६५.८ |

समग्रमा जिल्ला विकास समितिको वित्तीय प्रगति विवरण बिश्लेषण गर्दा ८३.२० प्रतिशत रहेकोछ । समग्र प्रगति विवरण अनुसुचिमा उल्लेख गरिएकोछ ।

**जिल्ला विकास समितिबाट सम्पादन गरिएका उल्लेख कार्यहरु**

- जिल्ला पार्श्वचित्र अद्यावधिक गर्ने कार्य सम्पन्न भएको,
- उर्जा क्षेत्र प्रवर्द्धनमा जिल्ला विकास समितिले समेत लगानीमा प्राथमिकता दिएको र विभिन्न योजनाहरुमा लगानीको प्रतिवद्दता जनाएको,
- ग्रामीण सडक विस्तार तर्फ तिब्रता ल्याउने कार्य भएकोछ,
- स्थानीय विकास मन्त्रालय मार्फत  सञ्चालित सामाजिक परिचालन जिल्लाका ४१ गा.वि.स.मा वडा नागरिक मञ्चको स्थापना तथा नागरिक सचेतना केन्द्रको स्थापना सहित नागरिक सचेतीकरणमा तिब्रता ल्याएको,
- कार्यक्रमहरुमा दोहोरोपना नआओस भनी विभिन्न कार्यक्रमहरु संग समन्वय गरी कार्यक्रमहरु संचालन गरेको ।
- राज्यको नीति अनुरुप लक्षित वर्ग कार्यक्रमहरु सोही वर्गका प्रतिनिधी माझबाट छनौट गरी कार्यान्वयन भएको ।
- गाउँ विकास समितिहरुलाई आन्तरिक श्रोत तर्फको लगानी निक्षेपण गरी गाउँ विकास समितिहरुमा गाउँ स्तरीय कार्यक्रमहरु संचालन गरिएको ।
- जिविसबाट छनौट भएका रु. ५०००० भन्दा साना योजनाहरु गाउँ विकास समितिहरुबाटै सम्झौता गरी कार्यान्वयनमा ल्याएको ।
- स्थानीय निकाय सम्बद्ध सरोकारवाला पक्षहरु(राजनैतिक दल, गैसस, विषगत समिति, नागरिक समाज) संगको सहकार्य सहित सहभागितात्मक योजना तर्जुमा प्रणली कार्यान्वयनमा चुस्तता ।
- जिल्ला आ.ब २०६७/६८को MCPM मा प्रक्रियामा MC मा सफल भए छ ।
- जिल्ला क्षमता विकास योजना कार्यान्वयन भई जिल्लामा क्षमता विकासका क्षेत्रमा विभिन्न तालिमहरु संचालन गरेको ।
- दार्चुला जिल्लालाई सन् २०१६ सम्ममा खुला दिसा मुक्त जिल्ला घोषणा गर्ने रणनैतिक योजना २०६८ तयार गरी कार्यान्वयनमा ल्याईएकोछ ।
- सिप्टी गाविसलाई खुला दिसा मुक्त गाविस घोषणा गरिएको छ ।

**जिल्ला विकास समितिको कार्य सम्पादनमा देखिएका मूख्य समस्याहरु**

- योजना तर्जुमा प्रक्रियालगायत विभिन्न निर्णय प्रक्रियामा अनुशिक्षण गर्दा समेत योजना तर्जुमा तथा कार्यान्वयनमा सर्व दलीय संयन्त्रको भुमिका सकारात्मक नदेखिनु
- उपभोक्ता समिति गठन र परिचालनमा अवाञ्छीत राजनैतिक प्रभाव रहेको ।
- आन्तरीक यातायात मार्ग वर्षातमा वन्द भएको कारणले सामग्री ढुवानीमा समस्या भई कार्य सम्पन्तामा अवरोध।
- बार्षिक योजना तर्जुमामा बिषयगत निकायले गाउँ परिषदबाट योजना छनौट नगरी कार्यालयले स्वयम् छनौट गरी कार्यान्वयन गर्ने प्रवृति रहेको ।
- समयमा बजेट निकासा नहुदा भुक्तानी प्रक्रियामा अवरोध भएको ।

**जिल्ला स्थित गैससहरुको प्रस्तुति**

प्रगति समिक्षाकै क्रममा जिविसको समन्वयमा योजना कार्यान्वयन गरिरहेका जिल्ला स्थित गैससहरुले समेत आ-आफ्नो वार्षिक कार्य प्रगति प्रस्तुत गर्नु पर्ने कानुनी व्यवस्था भए रहेका तथा समीक्षा गोष्ठिमा गैससहरुको उपस्थिति रहेको छ । गैससका जिम्मेवार प्रतिनिधि उपस्थित नभएका कारण गैससहरुको प्रस्तुति सन्तोषजनक रहेन ।

प्रगति प्रस्तुत गर्ने गैससहरुमा CRDS बाट प्रकाश चन्द्र मिश्र SWS बाट हरिमल ठगुन्ना, MDS मिडया विकास समाज नेपालबाट श्री शंकर सिंह धामी, RYC धिरन सिंह बुढाथोकले प्रस्तुति गर्दै आ.व.०६८/६९ मा लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको विवरण प्रस्तुत गरियो । प्रगति विवरण अनुसूचिमा समावेश गरिएको छ ।

**अतिथीहरुको प्रस्तुति**

प्रमुख अतिथी तथा अतिथीहरुले बार्षिक समीक्षामा सबल पक्षको प्रसंसा र दुर्बल पक्षहरु औल्याई सुधार गर्न सुझावहरु प्रस्तुतिकै कममा दिईएको अतिथीहरुले मन्तव्यको रुपमा नेकपा माओवादीका प्रतिनिधि श्री पुष्कर जोशीले कुन कार्यकमा बजेट कति प्राप्त भयो कति खर्च भयो सोको जानकारी भयो तर कहाँ खर्च गरियो कति उपलब्धि भयो सो अनुसार जानकारी गराईनु पर्ने सुभाव गर्नु भायो त्यसै गरी नेकपा एमालेका गणेश कुमार जोशीले समीक्षा गोष्ठीमा कार्यालय प्रमुखहरुको उपस्थिति रहनु पर्ने सुझाव गर्नु भएको थियो नेपाली काँग्रेशका श्री हरक सिंह धामीसमेत

बार्षिक समीक्षा गोष्ठीमा गैससहरुको समेत उपस्थिति अनिवार्य हुनु पर्ने सुझाव प्रस्तुत गर्नु भएको थियो । समीक्षा गोष्ठीको संक्षेपीकरण गर्दै आफ्नो समापन मन्तव्यमा समिक्षा वैठकका अध्यक्ष तथा स्था.वि.अ.श्री विष्णु सिं बिष्ट ले जिल्लाको विकासका लागि सवै एकथलोमा जम्मा भई सकारात्मक छलफल भएकोमा आफु हर्षित भएको र सवै सरोकारवालाहरुमा जिल्लाको विकास निर्माण प्रति चासो र चिन्ता रहेको मैले पाएकोले यसलाई निकै सकारात्मक रुपमा लिएको विचार प्रस्तुत गर्दै छलफलमा उठेका विभिन्न जिज्ञाशाहरुको जवाफ प्रस्तुत गर्दै स्थानीय विकास मन्त्रालयको एउटा कार्यक्रम (डकाउ) वाहेक सम्पूर्ण कार्यक्रमहरु यस जिल्लामा संचालन रहेकोमा जिल्लावासीको लागि गर्वको विषय भएको, समिक्षा वैठकमा उपस्थित हुन नसकेका कार्यालय संघ संस्थाहरु लाई वार्षिक प्रगति उपलब्ध गराउन पत्राचार गर्ने, साथै आगामीदिनहरुमा सम्वद्ध निकायहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिने साथै जिल्लाको समग्र उपलब्धी आकलन गरी जिविस, विषयगत कार्यालय, संघ संस्थाको एकिकृत वार्षिक समिक्षा प्रतिवेदन प्रकाशित गरी सार्वजनिक गरिने जानकारी दिदै आगामी दिनहरुमा सवै पक्ष क्षेत्रबाट जिल्लाको विकासका लागि सहयोग हुने अपेक्षा गर्दै गोष्ठीलाई सफलतापूर्क सम्पन्न गर्न सहयोग गर्नुहुने सवैमा हार्दिक धन्यवाद दिदै स्था.वि.अ.बाट समिक्षा वैठक समापन गरिएको जानकारी गराईएको थियो ।

# अनुसूचिहरु

## विषयगत कार्यालयहरु

### जनसंख्या तथा सामाजिक समिति

१.जिल्ला शिक्षा कार्यालय, दार्चुला
२.जिल्ला स्वास्थ्य कार्यालय, दार्चुला
३.जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दार्चुला
४.महिला तथा बालबालिका कार्यालय

### कृषि, वन, उद्योग तथा वातावरण समिति

१.जिल्ला कृषि विकास कार्यालय, दार्चुला
२.जिल्ला वन कार्यालय, दार्चुला
३.जिल्ला भू-संरक्षण कार्यालय, दार्चुला
४.घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, दार्चुला
५.जिल्ला पशु सेवा कार्यालय, दार्चुला
६.अपि नाम्पा संरक्षण कार्यक्रम

### पूर्वाधार तथा संरचना विकास समिति

१.बैतडी दार्चुला सडक आयोजना
२.नेपाल टेलीकम
३.नेपाल विद्युत प्राधिकरण
४.दार्चुला तिंकर सडक आयोजना

### भूमि तथा जलस्रोत समिति

१.सु.प. सिंचाई सव डिभिजन कार्यालय नं.४, दार्चुला
२.खानेपानी तथा स.स.सव डिभिजन कार्यालय, दार्चुला
३. जल उत्पन्न प्रकोप कार्यालय,

### विविध प्रस्तुति

१. कृषि विकास बैंक
२.ग्रामीण विकास बैंक

### गैर सरकारी संस्थाहरुको प्रस्तुति

१.सामुदायिक ग्रामीण विकास समाज (CRDS )
२.समाज कल्याण समाज (SWS)
३.मिडया विकास समाज नेपाल (MDS)
४.राजाकोट युवाल्ब (RYC)

आ.व.०६८/०६९ को वार्षिक प्रगति समिक्षा वैठकको उपस्थिति